# करैयामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
करैया, बारा
प्रदेश नं. २, नेपाल
स्थापना २०७३


पत्र संख्याः ०७८/०७९
चलानी नं.: २२६

मितिः २०७८/०५/३१

**विषयः- वैदेशिक रोजगार छात्रवृति सम्बन्धमा।**

श्री सम्पूर्ण विद्यालयहरु,
करैयामाई गाउँपालिका, बारा ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ, बाराको च.नं. २७२ मिति २०७८/०५/३० गतेको पत्रानुसार श्रम स्विकृती लिई वैदेशिक रोजगारमा वा गम्भिर विरामी भएका कामदारका वालवालिकाले वैदेशिक रोजगार छात्रवृतिका लागि आफू अध्ययनरत्त शैक्षिक संस्थाबाट वैदेशिक रोजगार छात्रवृति संचालन कार्यविधि २०७१ को अनुसुची-१ बमोजिमको ढाँचामा २०७८ साल कार्तिक मसान्त भित्र यस गाउँपालिकाको सिफारिस सहित शिक्षा विकास तथा समन्वय इकाइ, बारामा निवेदन दिन जानकारी पठाईएको व्यहोरा अनुरोध छ ।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु (हालसम्म छात्रावृती प्राप्त नगरेकाहरुका लागि)

१. कामदारको श्रम स्वीकृतिको निस्सा(स्टिकर) को प्रतिलिपि ।
२. निवेदकको संरक्षणको नागरिकताको प्रतिलिपि ।
३. वैदेशिक रोजगारमा गई मृत्यु भएको कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. बोर्डबाट आर्थिक सहयता प्राप्त गरेको प्रमाणित हुने कामदारको राहदानीकफ प्रतिलिपि र राहदानी नं. ।
५. वैदेशिक रोजगारमा गई सोही क्रममा असक्त भएको कामदारको पुर्णरुपमा असक्त भएको खुल्ने प्रमाण-पत्र कागज ।
६. विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि ।
७. निवेदक, संरक्षक र कामदार विचको नाता प्रमाण-पत्रको प्रतिलिपि ।
८. सम्बन्धित स्थानीय तहको सिफारिस ।

छात्रावृती प्राप्त गरिरहेका बालबालिकाका लागि

१. विद्यार्थीको निवेदन ।
२. अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
३. कामदारको राहदानीको प्रतिलिपि ।

५।३१

उदय शंकर चौधरी
प्रमुख प्रशासकीय अधिकृत

उदय शंकर चौधरी
प्रमुख प्रशासकीय अधिकृत